# संघीय संसद
# प्रतिनिधि सभा

## समिति सभापतिको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

प्रतिनिधि सभा अन्तर्गत गठित दशवटा विषयगत समितिहरुको सभापतिको निर्वाचनको लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम सम्माननीय सभामुखले मिति २०८०/०५/११ गते सोमबार दिनको ३:०० बजेको समय निर्धारण गर्नु भएकोले देहाय बमोजिमको निर्वाचनको कार्यक्रम प्रकाशन गरिएको छ :-

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | प्रतिनिधि सभाको सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस भनी कुनै अर्को एक सदस्यको समर्थन सहित प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (२) बमोजिम प्रस्ताव दर्ता गर्ने । | २०८० साल भदौ १० गते आइतबार | बिहान ११:०० बजे देखि दिनको ४:०० बजे सम्म । | प्रतिनिधि सभाको सचिवको कार्यकक्ष, सिंहदरबार । |
| २. | निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको दर्ता क्रम अनुसार सूची प्रकाशन गर्ने । | २०८० साल भदौ १० गते आइतबार | अपरान्ह ४:३० बजे । | सचिवालयको सूचना पाटी । |
| ३. | सम्वन्धित समितिको बैठकमा प्रस्तावकले प्रस्ताव प्रस्तुत गर्ने, समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्ने र उक्त प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गरिने । | २०८० साल भदौ ११ गते सोमबार | दिनको ३:०० बजे प्रारम्भ हुने बैठकमा । | सम्वन्धित समितिको सभा कक्ष । |

**पुनश्च :** एकभन्दा बढी समितिमा पदेन सदस्य रहनु भएका सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीहरुले आफू कुन समितिको मतदानमा सहभागी हुनुहुने हो सो को लिखित जानकारी मिति २०८०/०५/१० गतेभित्र सम्माननीय सभामुखलाई उपलब्ध गराइदिनुहुन अनुरोध छ । तर प्रतिनिधि सभाको सदस्य नरहेको पदेन सदस्यले उक्त निर्वाचनमा मत दिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

(पद्म प्रसाद पाण्डेय)
सचिव
प्रतिनिधि सभा

मिति : ०७ भदौ, २०८०
समय : दिनको ०४:४५ बजे ।